bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

मानवले मानवलाई शोषण गर्ने, अन्याय अत्याचार गर्ने कार्य निन्दनीय कार्य हो । नागरिक अधिकारप्रति सजग र सचेत बनौं, बनाऔं र सबैमा समान व्यवहार गरौं ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

वर्ष ३९ अंक २८७ | २०७७ चैत्र ०३ गते मंगलबार, नेपाल सम्वत् ११४१ March 16, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-



**चैते धान खेतीको तयारी :** तनहुँको व्यास नगरपालिकाको घाँसीकुवाका कृषकहरू चैते धान रोपाई गर्दै । सिंचाई सुविधा भएका खेत तथा फाँटहरूमा तनहुँका कृषकहरूले चैते धान रोपाई गर्न शुरू गरेका छन् । *तस्विर : नारायण खड्का/भञ्ज्याङ*

# शुक्लागण्डकीका प्रमुख प्रशासकीय अधिकृत नै खट्टिए बजार सरसफाईमा

## 'करोडौ रूपैयाँ खर्चिएर घर बनाउने, फोहोर सडक किनारमा फाल्नेलाई कारवाही गरिन्छ !'

♦ **राजकुमार आले** (दुलेगौंडा)

सोमबार, दिनको करिब २ बजे। चर्को घाम एकनाशले लागेको थियो। पृथ्वीराजमार्गमा सवारी साधनको ओहोरदोहोर बाक्लो थियो । तर दुलेगौँडा बजारमा मानिसहरू पातलो संख्यामा देखिन्थे । सदाका दिनभन्दा सोमबार माहोल शान्त थियो। प्रत्येक सोमबार शुक्लागण्डकीका उद्योगी व्यवसायीहरूले पसल बन्द गर्ने गर्छन्। त्यसैको प्रभावले संधै व्यस्त हुने बजार सुनसान जस्तै थियो ।

तर, बजारको बीच, राजमार्गको छेवैमा शुक्लागण्डकी नगरपालिकाको जेसिबी चलिरहेको थियो । घर निर्माण गरेपछि राजमार्ग छेउ थुपारेर राखेको ढुङ्गा, माटो, बालुवाको कचेरोको थुप्रोलाई जेसिबीले सम्याउँदै थियो । जेसिबीको पछिपछि हातमा बेल्चा लिएर सम्याउँदै थिए शुक्लागण्डकी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेदी, वडा नं. ४ का वडाध्यक्ष शिवकुमार श्रेष्ठ र केही कर्मचारीहरू । उनीहरू सरसफाईका कर्मचारीहरू सरह नै समान रूपले सरसफाई कार्यमा निरन्तर खटिएका देखिन्थे।

दैनिक व्यस्त रहने दुलेगौँडा बजारको छेउछाउमा फोहोरको थुप्रो थुप्रिन थालेपछि वडावासीलाई संस्कार सिकाउन नगरपालिका आफैले सरसफाई कार्य शुरू गरेको हो । घरको अगाडी फोहोरको थुप्रो हुँदा पनि घरधनी, व्यवसायी र टोलबासीहरूले सरसफाई नगरेपछि पहिलो चरणमा आफुहरू नै सरसफाईमा जुटेको प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेदीले बताए। करोडौ रूपैयाँ खर्चिएर घर बनाउने तर घर बनाउँदा निस्केको फोहोर सडक छेउ थुपारेर राख्ने प्रवृत्ति देखिएकाले नगरवासीलाई यस विषयमा सचेत गराउन सरसरफाई गरिएको अधिकृत सुवेदीको भनाई छ ।

उनले भने 'घर करोडको बनाउने, तर दुई हजार खर्च गरेर फोहोर फाल्नुपर्ने ठाउँमा नफाल्दा नगर फोहोर र दुर्गन्धित भयो । अहिले हामी आफैले सरसफाई गरेका छौँ, यसपछि पनि कसैले घर निर्माण गरेर फोहोरलाई अहिले भैँ बाहिर ल्याएर फाल्ने गर्छ भने कारबाही गर्ने योजना छ ।' उनका अनुसार आफुले देखावटी रूपले नभई काम गर्ने प्रयोजनले नै सरसफाई कार्यमा सहभागी भएको बताए । राजमार्ग छेउछाउको सरसफाईका लागि नगरले छुट्टै बजेट नछुट्याएको उनको तर्क छ । अहिले उपलब्ध नगरपालिकाकै श्रोत र साधनहरू डोजर, जनशक्ति परिचालन गरेर सरसफाई गरिएको हो, थप अतिरिक्त खर्च होईन । उनले भने, 'हामीले भएकै जनशक्तिलाई प्रयोग गरेको हौ ।'



शुक्लागण्डकी नगरपालिकाको दुलेगौंडा बजारमा सोमबार सरसफाईमा खट्टिएको प्रमुख प्रशासकीय अधिकृत सहितको टोली । *तस्विर : राजकुमार/भञ्ज्याङ*

समय तालिका मिलाएर फोहोर संकलन गाडी बजारमा पठाएपनि बजार एकदमै फोहोर भएकाले आफुहरू नै सरसफाईमा सक्रिय भएको वडाध्यक्ष शिवकुमार श्रेष्ठले बताए । उनले वडाको अनुरोधमा नगरपालिकाबाट जेसिबी र कर्मचारी उपलब्ध गराएको र बजार स्वच्छ हराभरा चाहानेहरू मिलेर सरसफाई गरिएको बताए ।

'बजार फोहोर छ, घर अगाडी पार्किङको पनि व्यवस्था छैन, अब

बाँकी तेश्रो पेजमा

# १०३ वर्षीय वृद्धले लगाए कोभिड-१९ विरूद्धको खोप

♦**भञ्ज्याङ समाचारदाता** (दुलेगौंडा)

तनहुँको शुक्लागण्डकी नगरपालिका-७, शेराटारका १०३ बर्षका खम्बासिं गुरूङ खोप लगाउन स्वास्थ्य चौकी आए । अझै पनि राम्ररी कान सुन्ने, फुर्ति साथ बोल्ने गुरूङ खोप लगाउन निकै उत्साहित थिए । उनलाई आउन र जान वडाले गाडीको व्यवस्था गरेको थियो । खोप लगाएपछि गुरूङले खुसी व्यक्त गरे। उनले भने, 'सरकारले यति छिट्टै खोप दियो, हामी खुसी छौं, पहिला खबटे, भिरिङ्गी र हैजा जस्तो महामारी आउँथ्यो, अहिले त संसारभरी कोइराला कि, कोरोला भाइरस भन्ने विमार आको छ भन्छ, त्यहि भएर खोप लगाउन आको ।'

उनले खोप लगाउँदाको दुखाई कमिलाले टोके जस्तो भएको सुनाउँदै खोप लगाएपछि कोरोना नलाग्ने विश्वास व्यक्त गरे । उनले भने, 'दिन आए लैजान्छ, दिन आछैन भने कसैले केही गर्दैन, ज्योतिषले १०५ बर्षमा मलाई ठुलो खट्को छ भनेको छ, अहिलेलाई खोप लगाएँ, अब कोरोना विमार नलाग्ला, अब बचियो भनम न ।'



खोप लगाएर आराम गरिरहेकी घान्द्रुक घर भई हाल शुक्लागण्डकी-७ बस्दै आएकी ७२ बर्षीया तारादेवी गुरूङले खोप लगाएपछि ढुक्क भएको बताइन्। उनले भनिन्, 'अरूलाई भन्दा बुढाबुढीलाई कोरोना सजिलै लाग्छ रे भनेर रेडियो र टिभीमा भन्थ्यो, कोरोना पनि लाग्यो होला, आफ्नो रोगहरू थियो होला, कोरोनाले मऱ्यो भनेर छुनै नदिने रे, आफ्नो मान्छेलाई अस्पतालभित्र छिर्नै नदिने रे, कोरोनाले मऱ्यो रे, बोरामा हालेर फालेछ रे, भन्दा डर लागेको थियो नि, अहिले खोप लगाएपछि ढुक्क छु। खोपले काम गर्छ भन्ने विश्वास गरेरै आको हो ।'

वडाको शान्ति नगरस्थित आधारभुत स्वास्थ्य सेवा केन्द्रबाट ५३ बर्षअघि जर्मनीबाट नेपाल आएकी युटा वेयपले पनि खोप लगाइन् । उनले भनिन्, 'कोरोना फैलिएपछि आइसोलेटेड भएर घरमै बसेको सुनाइन् । हामी कतै बाहिर निस्केनौँ, आइसोलेटेड भएर

बाँकी तेश्रो पेजमा

# बन्दिपुरका कृषकलाई हलो !

♦**भञ्ज्याङ समाचारदाता** (बन्दिपुर)

तनहुँको बन्दिपुर गाउँपालिकाले कृषकलाई हलो कार्यक्रम सञ्चालन गरेको छ । गाउँपालिकाले एक हल गोरू पाल्ने कृषकलाई एक थान हलो अनुदानमा उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरेको छ । गोरूलाई विस्थापित हुनबाट जोगाउन र कृषि उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले ५० प्रतिशत अनुदानमा फलामको हलो कृषकलाई उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाका अध्यक्ष पूर्णसिंह थापाले बताए ।

गाउँपालिकाले यो वर्षलाई पाँच लाख रूपैयाँ बजेट विनियोजन गरी यो कार्यक्रम सञ्चालन गरिएको र गोरू र हलोको प्रयोग गरी कृषि कर्म गर्ने कृषकको तथ्याङ्क संकलन गर्दा सोचे भन्दा बढि करिब एक हजार बढीको तथ्याङ्क संकलन भएको अध्यक्ष थापाले बताए । उनले भने, 'हामीले विनियोजन गरेको बजेटले गाउँपालिकाका सबै कृषकलाई हलो वितरण गर्न नसक्ने अवस्था आएकाले वडावडाबाट छनोट गरी विपन्न कृषकहरूलाई हलो उपलब्ध गराउने तयारी गरेका छौं ।'



पछिल्लो समय नयाँ प्रविधिको आगमनसँगै गोरू पाल्ने र जोत्ने परम्परा हट्दै जान थालेपछि यसको संरक्षण गर्नका लागि पनि गाउँपालिकाले यो अभियानलाई अघि बढाएको गाउँपालिका कार्यालयले जनाएको छ । त्यसैगरी गाउँपालिकाले मिनी ट्रिलरका लागि २० लाख, कुटानीपिसानी मिलमा पाँच लाख, कृषि टनेलमा तीन लाख रूपैयाँ बजेट विनियोजन गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश सुवेदीले जानकारी गराए ।

कृषि पेशाबाट आयआर्जनको

बाँकी तेश्रो पेजमा



## सम्पादकीय..........

# उपभोक्ता सचेत बनौं

प्रत्येक वर्ष मार्च १५ का दिन विश्व उपभोक्ता अधिकार दिवस मनाउने गरिन्छ। नेपालमा पनि 'प्लाष्टिक प्रयोगमा निरूत्साहन, वातावरण संरक्षणमा योगदान' भन्ने नाराका साथ विभिन्न कार्यक्रम गरी यो दिवस मनाइएको छ । सन् १९६२ मार्च १५ का दिन अमेरिकी राष्ट्रपति जोन एफ केनेडीले प्रस्तुत गरेको सुरक्षा, सूचना, छनोट र सुनुवाइलाई उपभोक्ताका चार अधिकारका रूपमा घोषणा गरिएपछि यसैको सम्झनामा यो दिवस मनाउने गरिएको हो । सन् १९८५ मा संयुक्त राष्ट्रसंघको साधारणसभाबाट थप आठ अधिकारसहितको अनुबन्ध पारित भएको थियो । सोही आधारमा प्रत्येक राष्ट्रले उपभोक्ता कानून जारी गरेका थिए । नेपालमा उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ६ बमोजिम वस्तु वा सेवा खरिद वा उपभोग गर्ने प्रत्येक उपभोक्तालाई विभिन्न अधिकार प्रत्याभूति गरिएको भए पनि उपभोक्ता ती अधिकार प्रयोग गर्नबाट वञ्चित हुँदै आएका छन् । आममानिसको दैनिक जीवनमा प्रयोग हुने अधिकांश सामान जोखेर किनबेच हुने भए पनि त्यसको तौल लिन प्रयोग हुने अधिकांश ढक–तराजु पनि अवैधरूपमा प्रयोग भइरहेका छन् । गुणस्तर तथा नापतौल डिभिजनको निष्क्रियताले बजारमा नवीकरण नभएका, नापतौल प्रमाणित नभएका र प्रतिबन्धित ढक–तराजुले सामान तौलने गरिएको पाइएको छ । यसबाट व्यापारी मोटाइरहेका छन् भने उपभोक्ता दिनहुँ ठगिइरहेका छन्। यस विषयमा सर्वसाधारण उपभोक्ताहरू सचेत नहुँदा एउटै सामानको मूल्य पसलैपिच्छे फरकफरक हुँदा एउटै सामानको तीन थरी मूल्य तिर्न पनि उपभोक्ता बाध्य छन् । उपभोग्य वस्तुमा हुने मिसावट र बजारमा हुने कालोबजारीले उपभोक्ता भने सधै मारमा पर्ने गरेको उपभोक्ताको गुनासो बढ्दो छ ।

मुलुक संघीय संरचनामा गएसंगै स्थानीय प्रशासनसंगै स्थानीय सरकारको काँधमा बजार अनुगमनको जिम्मेवारी आएको छ । बजार अनुगमन समितिले चाँडपर्वको अवसरमा औपचारिकता निर्वाह गर्न बजार अनुगमन गर्दै आएका छन् । बजारमा म्याद नाघेको खाद्यन्न वस्तु मात्र होइन् मापदण्डविपरितका ढक–तराजु प्रयोग हुँदा उपभोक्ताहरू ठगिने गरेका छन् । बजार क्षेत्र होस वा ग्रामीण क्षेत्रमा मासु व्यवसायी, तरकारी तथा फलफूलका व्यापारीले प्रमाणीकरण नगरिएका अवैध भारतीय ढक र तराजु प्रयोग गर्ने गरेका पनि छन्। ढक, तराजुबाट उपभोक्तालाई ठगी गरिरहेको विषयमा प्रशासन तथा स्थानीय तह जानकार भएपनि यस तर्फ नियमक निकायले कारवाही अगाडि बढाएको देखिदैन । मासु, फलफूल, तरकारी लगायत अन्य सामान सडकमा राखिएका पसलबाट किन्दा ठगिने गरे पनि उपभोक्तामा त्यसविरूद्ध सम्बद्ध निकायमा उजुरी गर्न समेत नसक्दा ठगिदै आएका छन्। कानूनी दायराभन्दा बाहिर रही व्यापार गर्ने व्यापारीबाट ठग्ने क्रम जारी रहे पनि त्यसलाई रोक्न सरोकारवाला निकायले कडाइ नगरे उपभोक्ता ठगिने क्रम रोकिन सक्दैन ।

उपभोक्ताको अधिकारलाई नेपालको संविधानको धारा ४४ मा मौलिक हकका रूपमा राखिएको भए पनि व्यवहारमा भने उपभोक्ताहरू सधैँ ठगिइरहनुपरेको सरोकारवालाको बुझाइ छ । उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्रदान गरिने भनेर संविधानमा नै उल्लेख गरिएको भए पनि यसको कार्यान्वयनको अवस्था भने दयनीय छ । उपभोक्ता हितमा राज्य कठोर हुनुपर्ने बेला आएका छ । मूल्य, गुणस्तर र नापतौलमा उपभोक्तालाई सचेत बनाउनु सरोकारवाला निकायको दायित्व र कर्तव्य हो । बजारमा देखिन यस प्रकारका विकृति, विसंगति र गैरकानूनी कार्यलाई निरूत्साहित गर्न व्यवसाय सचेतना र उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गर्न स्थानीय सरकार तथा अन्य सरोकारवाला निकायले ध्यान पुर्‍याउनु पर्दछ । त्यस्तै, बजारमा हुने कालोबजारी, म्याद गुज्रिएका खाद्यवस्तु, नापतौलका विषयमा स्वयं उपभोक्ता समेत सचेत नहुँदासम्म ठग्गिरहनुपर्ने अवस्था रहेकाले यस तर्फ सबै सचेत र जिम्मेवार बन्नुपर्ने हुन्छ।

# स्थानीय सरकार विकासको कोशेढुंगा बन्नसक्ने ४ आधार



♦ महेश पराजुली

**राष्ट्रियस्तरका कार्यक्रमको प्रभावकारिताका लागि स्थानीय सरकारको सही अपनत्व र इमान्दारिता अपरिहार्य भइसकेको छ । उदाहरणका लागि गत वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारितालाई लिएर जुन खालका टीका–टिप्पणी आए, त्यसपछाडिको एउटा प्रमुख कारण स्थानीय तहबाट भएको कमजोर अपनत्व नै थियो ।**

प्रजातन्त्र के हो भनेर बुझ्ने, बुझाउने क्रममा राजनैतिक चिन्तकहरूले 'थिक एन्ड थिन डेमोक्रेसी' शब्दावलीको प्रयोग बारम्बार गर्छन्। उनीहरूका अनुसार 'थिन डेमोक्रेसी' (पातलो प्रजातन्त्र)ले आवधिक निर्वाचनका माध्यमबाट जनताका प्रतिनिधिहरूले शासन गर्ने कुरालाई सर्वोपरी ठान्छ । 'थिक डेमोक्रेसी' (बाक्लो प्रजातन्त्र)ले शासनमा जनताको अर्थपूर्ण सहभागिता र सामाजिक न्यायको कुरालाई जोड दिन्छ । हामीले अवलम्बन गरेको संघीय शासन प्रणालीले पनि यही प्रजातन्त्रको 'बाक्लो' परिभाषालाई समेट्ने चेष्टा गरेको हो। जसअनुसार प्रजातान्त्रिक लाभहरूको वितरणका लागि हाल नेपालमा ७६१ वटा सरकार क्रियाशील छन् ।

२०७२ सालमा संविधान जारी भएको मितिलाई मान्ने हो भने संघीयताको 'फर्म्याट' मा नेपालको प्रजातान्त्रिक शासन प्रणालीले पाँच वर्ष पूरा गरिसकेको छ। संघीय शासन प्रणाली बलियो बनाउन प्रयासहरु नभएका पनि होइनन् । तर, विभिन्न पात्र र प्रवृत्तिका कारण राजनीतिक स्थायित्वले अपेक्षाअनुसार गति लिन नसक्दा समग्र प्रजातान्त्रिक प्रणालीमा नै दुरगामी प्रभाव पर्ने हो कि? वा यसबाट 'समृद्ध नेपाल सुखी नेपाली' को राष्ट्रिय चाहनामा कुठाराघात हुने हो कि भन्ने चिन्ता पनि सुनिन थालिएको छ । विगतमा दशकौंसम्म एकात्मक शासन प्रणालीमा हुर्केका हामी नेपालीलाई यस्तो महसुस हुनु ठूलो कुरा पनि होइन । तर संघीयता र स्थानीय सरकारका विविध पक्षमा चाख राख्ने अध्येताको हिसाबले मेरो विचारमा निराश हुनुपर्ने अवस्था छैन ।

संघीय प्रणालीको सुन्दर पक्ष नै यसमा बहुतहका सरकार हुन्छन् र कुनै एक तहको सरकारमा समस्या देखिए पनि अन्य तहका सरकारले निर्वाध कार्य गरिरहन सक्छन्। यसकारण केन्द्रीय स्तरमा भइराखेका राजनीतिक उतारचढावले नेपालको आफ्नै गतिमा चलिरहेको विकास प्रक्रियामा नगन्य प्रभाव रहन्छ भन्ने आशावादीहरूको पनि कमी छैन । यस अर्थमा हाम्रा ७५३ स्थानीय सरकार नेपालको विकास प्रक्रियालाई निरन्तर अगाडि बढाउन र प्रजातान्त्रिक शासन प्रणालीलाई तलबाट नै बलियो बनाउन आउँदा दिनमा कोशे ढुंगा सावित हुन्छन् भन्ने यो लेखकको विश्वास हो ।

तर कसरी ? यसका केही निश्चित आधार छन् ।

पहिलो, अन्य तहहरूमा भन्दा फरक स्थानीय तहको विशिष्ट प्रकृतिको शासन संरचना । स्थानीय तहमा अभ्यास गरिएका विभिन्न शासकीय संरचनामध्ये नेपालले स्थानीय तहमा अपनाएको संरचना 'मेयर काउन्सिल' प्रणाली हो। यसमा नगर प्रमुख/उपप्रमुख, गाउँपालिका अध्यक्ष/उपाध्यक्ष तथा गाउँनगर सभाका अधिकांश पदाधिकारीहरु सिधै जनताबाट चुनिन्छन् । स्थानीय सरकारको आयु पाँच वर्षको हुन्छ। बहुमत र अल्पमतको आधारमा सरकार बदलिने परिपाटीको परिकल्पना संविधानले गरेको छैन। स्थानीय नेतृत्वका लागि पार्टीगत रूपमा चुनाव जितेर आए पनि त्यसपछि मेयर वा अध्यक्ष सबैका साझा हुन पुग्छन्। भलै व्यवहारिक रूपमा उनीहरु कुन हदसम्म सबैको साझा हुन पुगेका छन् प्रश्न गर्न सकिन्छ। तर यो पद्धतिले स्थानीय तहमा एक खालको राजनीतिक स्थायित्व भने अवश्य दिएको छ।

दोस्रो आधार हो राज्य शक्तिको विकेन्द्रीकरण । वर्तमान संघीय शासन प्रणालीले राजनीतिक शक्तिका अतिरिक्त आर्थिक शक्तिको पनि विकेन्द्रीकरण गरेको छ। शक्तिको विकेन्द्रीकरणले कुनै एउटै संस्था वा व्यक्ति चाहेर पनि निरंकुश हुन सक्दैन । त्यसबाहेक प्रत्येक गाउँपालिका तथा नगरपालिकाभित्र शक्तिको प्रयोग र वितरण सन्दर्भमा आ–आफ्नै खालको 'पोलिटिकल डाइनामिक्स' ले काम गरिराखेको हुन्छ। र यो केन्द्रीय राजनीतिभन्दा निश्चय नै फरक पनि हुन सक्छ। संघीय तथा प्रदेश सरकारले औसत काम गरेको अवस्थामा पनि केही स्थानीय तहहरूले अब्बल काम गरिराख्नुका पछाडि यही कारण हो ।

तेस्रो, स्थानीय सरकारहरु भविष्यका लागि आवश्यक पर्ने राष्ट्रिय नेतृत्वहरु उत्पादन गर्ने कारखाना पनि हुन्। स्थानीय तहमा सफल मेयर वा अरु कुनै नेतृत्व भोलिका दिनमा राम्रो सांसद वा मन्त्री हुन सक्छन्। दक्षिण कोरियाकै उदाहरण हेर्नुहोस्, राजधानी सोलका सफल मेयरहरु राष्ट्रपति भएका छन्। समग्र कोरिया हाँकेको इतिहास छ। अमेरिकामै पनि स्थानीय तहमा राम्रो काम गर्नेहरु राज्य सरकार हुदै संघीय अर्थात राष्ट्रियस्तरमै सफल नेताका रूपमा उदाएका धेरै उदाहरण छन्। यस अर्थमा स्थानीय तहका सरकारले प्रजातान्त्रिक नेतृत्व विकासका लागि पाठशालाका रूपमा काम गरिराखेका हुन्छन् ।

चौथो आधार हो, जनताका आर्थिक तथा सामाजिक अधिकार कार्यान्वयनका लागि संविधानले स्थानीय सरकारलाई दिएको विशिष्ट जिम्मेवारी । संविधानमा उल्लेखित स्थानीय तहको एकल अधिकार र साझा अधिकारमा उल्लिखित अधिकारहरूलाई हेर्ने हो भने शिक्षा स्वास्थ्य लगायत जनतालाई प्रदान गरिनुपर्ने आधारभूत सेवाप्रवाहको जिम्मेवारी र मौलिक अधिकारको प्रभावकारी कार्यान्वयन दायित्व पनि अन्ततः स्थानीय तहमा नै छ । विकासमा जनताको सहभागिता सुनिश्चित गर्न र सामाजिक न्याय प्रत्याभूत गर्ने उपयुक्त थलो पनि स्थानीय तह नै हो।

अर्को महत्वपूर्ण कुरा स्थानीय सरकारहरु संघीय तथा प्रदेश तहका धेरै कार्यक्रम कार्यन्वयन गर्ने माध्यम अर्थात 'इम्पिलिमेन्टेसन ह्यान्ड्स'का रूपमा क्रमशः स्थापित हुँदै छन्। गृह र रक्षा मन्त्रालयलाई अपवादमा राखेर हेर्दा सायदै कुनै मन्त्रालय होलान् जसका कार्यक्रम कार्यन्वयनका लागि स्थानीय सरकारको सहभागिता नहोस् ।

त्यसैले अब राष्ट्रियस्तरका कार्यक्रमको प्रभावकारिताका लागि स्थानीय सरकारको सही अपनत्व र इमान्दारिता अपरिहार्य भइसकेको छ । उदाहरणका लागि गत वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारितालाई लिएर जुन खालका टीका–टिप्पणी आए, त्यसपछाडिको एउटा प्रमुख कारण स्थानीय तहबाट भएको कमजोर अपनत्व नै थियो ।

नेपालको सन्दर्भमा एउटा सुखद पक्ष के भने अबका दिनमा विगतमा जस्तो स्थानीय तहको शासन प्रणालीलाई अवरूद्ध गर्न सम्भव देखिँदैन । प्रदेश सरकारको प्रभावकारिता वा सान्दर्भिकताबारे समय–समयमा बहस हुने गरेको देखिए पनि स्थानीय तहका सरकारका सान्दर्भिकताबारेमा खासै नकारात्मक बहस भएको देखिँदैन। बरु यसलाई कसरी प्रभावी बनाउने भन्ने मै बहस केन्द्रित देखिन्छ। बलियो स्थानीय सरकारले स्थानीय लोकतन्त्रलाई मात्र बलियो बनाउँदैन । बरु यसले त राष्ट्रिय राजनीतिलाई नै असल र ताजा नेतृत्व दिन्छ र प्रजातान्त्रिक प्रणालीलाई जथाभावी हुन नदिन सजग समेत गराउँछ। यसो किन पनि हो भने राष्ट्रियस्तरमा राजनीति गर्नेलाई पनि स्थानीय नेतृत्व र कार्यकर्ता नभई हुँदैन जो सधैं जनताको वरिपरि हुन्छन्, जनताका भोट आफ्नो पक्षमा पार्न यिनको भूमिका अपरिहार्य रहन्छ। यस अर्थमा केन्द्रीय नेतृत्वले स्थानीय नेतृत्वलाई चिढ्याउन चाहँदैनन्।

त्यस्तै अहिले स्थानीय तहमा विद्यमान 'इकोनोमिक इनसेन्टिभ' (आर्थिक लाभ) को विषय पनि महत्वपूर्ण छ। स्थानीय तहमा परिचालित भइरहेको बजेट तथा अन्य स्रोतसाधनको प्रत्यक्ष/अप्रत्यक्ष लाभका अनौपचारिक साझेदार स्थानीय तहका नेता तथा कार्यकर्ता नै हुन्। त्यसैले पाइराखेको लाभबाट बन्चित हुने रहर कसैलाई छैन। यस अर्थमा पनि अबका दिनमा स्थानीय तहको शासन प्रणालीलाई अवरूद्ध गर्न सजिलो छैन । विगतमा करिब डेढ दशकसम्म माओवादी युद्धका कारण सृजित हिंसात्मक वातावरणले स्थानीय स्वायत्त शासन प्रणालीले असमयमै मृत्युवरण गर्नुपरेको इतिहास भए पनि यस किसिमको वातावरण हाल विद्यमान छैन भन्न सकिन्छ ।

अन्त्यमा, प्रजातन्त्र भनेको भोट हाल्नु मात्र होइन, न त गाउँगाउँबाट बसमा कोचारिएर राजनीतिक पार्टीका आमसभामा सहभागी हुनु मात्र हो । बृहत अर्थात बाक्लो प्रजातन्त्रले त राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रका विभिन्न आयामहरूमा जनताको अर्थपूर्ण सहभागिता र आवाजको माग गर्छ जुन स्थानीय सरकारबाट मात्र सम्भव छ। त्यसैले, अब कसरी स्थानीय सरकारको कार्यक्षमता बढाउने र 'असल' स्थानीय नेतृत्वको विकास गर्ने त्यसमा संघ प्रदेश तथा दातृनिकाय सबैको साझा प्रयास केन्द्रित हुनपर्ने समय आएको छ जसले अन्ततः नेपालको समग्र लोकतान्त्रिक शासन प्रणालीको जग नै बलियो बनाउने छ ।

*सा. सेतोपाटी डटकम*

(लेखक संघीय सरकारका उपसचिव हुन्)

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २१२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६१/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली,- ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला । मेहनतअनुसार कम मात्र फल प्राप्त हुनेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । बेलैमा होस नपुग्नाले केही चुनौती झेल्नुपर्ला।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
पुरूषार्थ देखाएरै समाजमा स्थापित बन्न सकिनेछ । चुनौती पन्छाएर काम बनाउन सकिनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । शत्रु तथा प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
शरीरमा कमजोरी अनुभूति हुनेछ। लगनशील बन्दाबन्दै पनि काममा पछि परिनेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
समयतालिका नमिल्दा योजना अधुरै रहनेछ । हल्लाको पछि लाग्दा व्यर्थैमा दुःख पाइनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
पहिलेकै काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ । अध्ययनमा समय दिन नसकिएला ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
विशेष भेटघाटले उत्साह जगाउनेछ। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
प्रेम र मित्रताको बन्धन कसिने समय छ । टाढिएका साथीभाइ पनि नजिकिनेछन् ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला । महत्त्वाकांक्षी योजना सार्वजनिक नगर्नुहोला ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
परम्परालाई समयसापेक्ष परिवर्तन गर्न सकिनेछ । प्रतिष्ठा, मान–सम्मान आदि पाइने समय छ ।



**तनहुँको छैठौं जिल्ला सभा :** जिल्ला समन्वय समिति तनहुँले सोमबार दमौलीमा आयोजना गरेको छैठौं जिल्ला सभामा सहभागीहरू । बैठकमा जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, उपप्रमुख पवित्रादेवी पौडेल, जिल्लाका स्थानीय तहका प्रमुख/उपप्रमुख एवं अध्यक्ष/उपाध्यक्षहरूको सहभागिता रहेको थियो । *तस्विर : भञ्ज्याङ*

# भारतमा करिब तीन करोडले कोरोना विरूद्ध खोप लगाए

♦ **रासस/सिन्हवा** (नयाँदिल्ली)

भारतमा गत जनवरी १६ देखि कोभिड–१९ विरूद्धको खोप कार्यक्रम शुरू भएको थियो । सो समयदेखि हालसम्म देशभरी करिब तीन करोड व्यक्तिले खोप लगाइसकेका छन् ।

भारतमा गत २४ घण्टामा २६ हजार २९१ जनामा कोभिड–१९ को संक्रमण देखिएपछि कुल कोरोना संक्रमितको संख्या एक करोड १३ लाख ८५ हजारभन्दा बढी पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार जनाएको छ।

भारतमा गत २४ घण्टामा कोभिड–१९ संक्रमणको कारण ११८ जनाको मृत्यु भएपछि कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या एक लाख ५८ हजार ७२५ जना पुगेको छ । हाल भारतमा दुई लाख १९ हजारभन्दा बढी सक्रिय संक्रमित रहेका छन् । केही दिनयता भारतमा सक्रिय संक्रमितको संख्या बढेको पाइएको छ ।

यसैबीच कोभिड–९९ को संक्रमण शुरू भएयता भारतमा हालसम्म एक करोड १० लाख ७ हजारभन्दा बढी कोरोना भाइरस मुक्त भएका छन् । भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले आइतबारसम्म देशभर २२ करोड ७४ लाख सात हजारको हाराहारीमा नमूना परीक्षण गरेको छ। हिजो आइतबार एकै दिनमा सात लाख ३ हजार ७७२ जनाको कोभिड–१९ परिक्षण भएको पनि समाचारमा जनाइएको छ ।

# १०३ वर्षीय वृद्धले लगाए ...........

घरमै बस्यौं, अरू कन्ट्रीमा जस्तो नेपालमा धेरै एफेक्ट परेन, अब त खोप लगायौ, भन्नै ढुक्क भयौं।'

खोप लगाउन आउने ज्येष्ठ नागरिकहरूको उपस्थिति उत्साहजनक नै रहेको वडाध्यक्ष रामबहादुर क्षेत्री थापाले बताए । उनले भने, 'आउन नसक्ने, समस्या भएकाहरूलाई नि:शुल्क रूपमा गाडीको व्यवस्था गरेर ल्याउने र पुर्‍याउने गरिएको सुनाए । कसैले बुढेसकालमा पनि के खोप लगाउने भनेर परिवारबाटै भ्रममा पारेको पनि देखियो, नत्र घरमै पुगेर होस् वा फोनबाट, सम्झाउने बुझाउने गरियो, धेरैले खोप पनि लगाउनुभएको छ । अहिलेसम्म गाह्रो भयो भनेर कहिकतैबाट खबर आएको छैन ।' दोस्रो चरणको खोप अभियानको अन्तिमदिन सोमबार वडा नं. ७ मा ५० जना ज्येष्ठ नागरिकले खोप लगाएको वडाध्यक्ष थापाले जानकारी दिए।

सरकारले कोरोना भाइरस कोभिड–१९ विरूद्धको खोप अभियान संचालन गरिरहेको छ । पहिलो चरणमा फ्रण्टलाइनमा काम गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, नीजामती कर्मचारी, जनप्रतिनिधि, पत्रकारहरूलाई खोप दिइयो । दोश्रो चरणमा कोरोना संक्रमणको उच्च जोखिममा रहेका ६५ बर्षमाथिका ज्येष्ठ नागरिकहरूका लागि संचालन गरिएको खोप अभियान सोमबारदेखि सकिएको छ ।

दोस्रो चरणको खोप अभियान अर्न्तगत चारदिनको अवधिमा शुक्लागण्डकी नगरपालिकामा २ हजार ७३२ जनाले कोभिड विरूद्धको खोप लगाएका छन् । करिब ४ हजार जनाले खोप लगाउने अनुमान गरिएपनि १ हजार ४६१ महिला र १ हजार २३२ पुरूषले खोप लगाएको स्वास्थ्य शाखा प्रमुख अजय श्रीवास्तवले जानकारी दिए ।

यस्तै, जिल्ला स्वास्थ्य कार्यालय तनहुँले सार्वजनिक गरेको तथ्याङ्क अनुसार तनहुँमा १७ हजार १३ जनालाई कोरोना विरूद्धको कोभिडसिल्ड खोपको पहिलो मात्र लगाइएको छ । कार्यालयले पहिलो चरण अन्तरगत फागुन २३ देखि २७ गतेसम्म सञ्चालन गरेको खोप अभियानमा ९ हजार २६७ जनालाई खोप लगाएको थियो भने फागुन २८ देखि चैत्र २ गतेसम्म सञ्चालन गरेको दोश्रो चरणको खोप अभियानमा ७ हजार ७४६ जनालाई खोप लगाइएको स्वास्थ्य प्रमुख शंकरबाबु अधिकारीले जानकारी गराएका छन्।

# बन्दिपुरका कृषकलाई ...........

माध्यमबाट आर्थिक क्षेत्रमा सबल बनाउन सहयोग पुर्‍याउने उद्देश्यले कृषकलाई गाउँपालिकाको ५० प्रतिशत सहयोगमा उक्त सामग्री वितरण गर्न लागिएको प्रमुख प्रशासकीय अधिकृत सुवेदीले बताए। सम्बन्धित क्षेत्रका लागि कृषकले आवेदन दिए पनि उनीहरूको मूल्याङ्कन र स्थलगत अवलोकन पश्चात् मात्रै अनुदानमा सामग्री प्रदान गरिने बताइएको छ ।

घर बाहिर निस्कदा तथा भिडभाडमा जाँद अनिवार्य रूपमा मास्कको प्रयोग गरौं, भौतिक दुरी कायम गरौं, साबुनपानीले हात धुने गरौं

# शुक्लागण्डकीका प्रमुख ..........

हामीले यो फोहोर उठाएर, सफा गरेर पार्किङको पनि व्यवस्था गर्ने सोचले यो कार्य गरेका हौं', वडाध्यक्ष श्रेष्ठले भने, 'बजार सरसफाई राख्ने जिम्मेवारी नगरपालिकाको मात्रै हो भनेर सोच्नु हुँदैन । आफुले फोहोर थुपारेर राख्ने, अनि नगरले फाल्छ, वा नगरपालिकाले फोहोर व्यवस्थापनको काम गरेन भन्नुभन्दा व्यक्ति आफैले पनि फोहोरको व्यवस्थापनमा जुटे राम्रो हुने थियो। आफु बसेको ठाउँ राम्रो र सफा राख्न टोल तथा वडावासीको पनि त कर्तव्य हो नि ।'

शुक्लागण्डकीले फोहोर व्यवस्थापनका लागि हालसम्म करिब डेढ करोड बजेट सकिसकेको छ । सरसफाई केन्द्र निर्माण, केन्द्र जाने बाटो, फोहोर संकलन गाडी खरिद गर्दा उक्त रकम खर्च भएको बताइएको छ । तर पनि फोहोर सेती नदीको किनार, खुल्ला चौर र खोल्सा खोल्सीमा फाल्दै आएको छ । पटक पटक फोहोर व्यवस्थापन हुन नसकेको कुरा उठ्दा नगरपालिकाका प्रमुख किसान गुरूङ, उपप्रमुख सविता रसाइली, वातावरण शाखा प्रमुख राजेन्द्र सोती लगायत जिम्मेवार व्यक्तिले छिट्टै काम कारबाही अगाडी बढाउने प्रतिवद्धता जनाउने गरेका छन् । तर, काम भने शुरू हुनै सकेको छैन ।

कर्मचारी तथा जनप्रतिनिधिहरू बेला मौकामा हातमा पञ्जा लगाएर, बेल्चा लिदै र फोहोर टिप्दै हिड्नुलाई स्थानीय केही नगरवासीले नाटकको रूपमा लिन थालेका छन् । जनप्रतिनिधिहरूलाई फोहोर व्यवस्थापनको दीर्घकालिन उपाय खोज्न नगरवासीको आग्रह छ । सरसफाई केन्द्र अहिलेसम्म किन संचालनमा आउन नसकेको हो ? नगरवासीले जिज्ञासा राख्दै आएका छन् ।

**स्वास्थ्य परीक्षण सम्बन्धी खुसीको खबर !!!**

**चैत्र ६ गते शुक्रबार**

१) **डा. ध्रुवराज अधिकारी** : वीर अस्पताल काठमाडौंका वरिष्ठ न्यूरो सर्जन तथा नशारोग विशेषज्ञ ।

**चैत्र ७ गते शनिबार**

१) **डा. तीर्थलाल उपाध्याय** : पोखरा गण्डकी मेडिकल कलेज तथा मधुमेह तथा थाईराइड उपचार केन्द्रका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) तथा ईन्डोक्राइनोलोजिष्ट (थाईरोइड) रोग विशेषज्ञ।

२) **डा. रोशन पंगेनी** : वरिष्ठ रेडियोलोजिस्ट ।

**चैत्र २१ गते शनिबार**

१) **डा. अनिल विक्रम कार्की** : भरतपुर क्यान्सर हस्पिटल चितवनका वरिष्ठ सर्जन, नाक, कान, घाँटी रोग विशेषज्ञ ।

**चैत्र २८ गते शनिबार**

१) **डा. विनम्र बस्नेत** : पोखरा मणिपाल तथा फेवासिटी हस्पिटलका वरिष्ठ यौन, छाला तथा कुष्ठरोग विशेषज्ञ ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) मेडिकल अफिसरद्वारा दैनिक बिरामी जाच गरिन्छ ।, **२) प्याथोलोजी ल्याब**:- रगत दिशा पिसाब सम्बन्धी सम्पुर्ण जाच तथा सुगर, प्रेसर, मुटु सम्बन्धी र ४० वर्ष उमेर काटेका महिला तथा पुरूषहरूको - lipid profile - RFT - HIV, HCV, VDRL, - Lft - TFT - TPHA, - Calcium - Hba1ac, - Full body check up गरिन्छ ।, ३) भिडियो एक्सरे सेवा, ४) ईसिजी मुटुको जाच सेवा, ५) नेबुलाइजर बाफ सेवा, ६) OBSERVATION सेवा, ७) PLASTER सेवा, ८) घाउ DRESING वा SUTURING सेवा, **९) गुणस्तरीय फार्मेसी सेवा** :- १०) प्रत्येक हप्ता शनिबार बिशेषज्ञ डाक्टरद्वारा बिभिन्न रोगका बिरामीहरूको जाच।

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६१५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

**विवाह वारी २० वर्ष पारी**
**सानै छु बढ्न देऊ, बाल विवाह हैन पढ्न देऊ**



**बालविवाह गर्नु गराउनु दण्डनीय अपराध हो ।**

हामी सबै मिली बालविवाह अन्त्य गरौं, सम्भ्य समाजको निर्माण गरौं ।

**भानु नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
भन्सार, तनहुँ । गण्डकी प्रदेश

वि.सं. २०३९ देखि निरन्तर प्रकाशित
भञ्ज्याङ राष्ट्रिय दैनिक
तपाई जहाँ भएपनि अब हामी तपाईकै साथ र हातमा
Google play
Bhanjyangnews
Bhanjyang Daily
@bhanjyangdaily
News/Media Website
Follow
भञ्ज्याङ दैनिक
@bhanjyangdaily
www.bhanjyangnews.com
YouTube Bhanjyang Daily
Contact : 065-560907
E-mail : bhanjyangdml@gmail.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४
२०७७ चैत्र ०३, मंगलबार
March 16, 2021



**छिम्केश्वरी जाने पैदलमार्ग र रेलिङ :** समुन्द्र सतहबाट २ हजार १३४ मिटर उचाईमा अवस्थित छिम्केश्वरी माईको मन्दिर जान निर्माण गरिएको पैदलमार्ग र रेलिङ । तनहुँको आँबुखैरेनी गाउँपालिका–५ मा अवस्थित यस मन्दिरसम्म पुग्नका लागि गण्डकी प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मार्फत करिब ६० लाख ८५ हजार ९५६ रूपैयाँ र स्थानीयवासीको १५ लाख ७४ हजार ८९० रूपैयाँ बराबरको जनश्रमदानबाट पैदलमार्ग निर्माण तथा रेलिङ राखिएको छ ।
*तस्विर : भञ्ज्याङ*

# एमालेलाई एकताबद्ध बनाउन साझा अवधारणा बनाइने

♦ **रासस** (काठमाडौं)

नेकपा (एमाले)लाई एकताबद्ध बनाउन साझा अवधारणा निर्माण गरिने भएको छ । एमाले मुख्यालय धूम्रबाराहीमा पार्टीका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओली र नेता माधवकुमार नेपाल पक्षबीच पछिल्लो पटक देखिएको तिक्तता मेटाउन बसेको बैठकले पार्टीमा साझा धारणा निर्माण गरेर अगाडि बढ्ने सहमति भएको हो । एमालेका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले सोमबारको छलफल निष्कर्षमा नपुगे पनि सकारात्मक भएको बताउनुभयो । उहाँले पार्टी एकताबद्ध बनाउन नेताबीच निरन्तर छलफल हुने जानकारी पनि दिनुभयो । "अबदेखि नेताहरु विभिन्न चरणमा बसेर छलफल गर्नुहुन्छ । आजको छलफलले साझा धारणा निर्माण गरेको छ", उहाँले भन्नुभयो, "यसको जगमा एमालेलाई एकताबद्ध बनाउँदै नयाँ गतिका साथ अगाडि लैजाने आधार सिर्जना गरेको छ ।"



नेता ज्ञवालीले सर्वोच्च अदालतले एमाले ब्यूँताउने निर्णयलाई अवसरका रूपमा लिँदै पार्टीलाई सुदृढ बनाउँदै र देखिएका विवादलाई समाधान गर्दै जानुपर्नेमा बैठकमा जोड दिइएको बताउनुभयो । "बलियो एमालेले मात्र अरु वामपन्थीलाई पार्टी एकतामा जोड्दै सिङ्गो देशलाई एकताबद्ध र नेतृत्व दिन सक्छ भन्नेमा साझा निष्कर्ष निकालेका छौँ", उहाँले भन्नुभयो । बैठकमा नेपाल पक्षले आफूविना बसेको गत फागुन २८ गतेको केन्द्रीय कमिटी बैठकले गरेका निर्णयमा असहमति जनाएको छ ।

प्रवक्ता ज्ञवालीले नेपाललगायत नेताहरूले फागुन २८ गते आफूहरूको उपस्थिति नभएको बैठकले गरेका निर्णयलाई स्थगन गर्न भन्नुभएको जानकारी दिनुभयो । "हामीले ती निर्णयमा पुनरवलोकन, सुधार र समीक्षा गर्नुछ भने छलफलबाट गर्न सकिन्छ भनेका छौँ", उहाँले भन्नुभयो, "फागुन २८ गतेको निर्णयलाई अर्को बैठकमा छलफल गर्न सकिने धारणा प्रधानमन्त्री ओलीले राख्नुभयो । बैठक बसिसकेको हुनाले फागुन २८ गतेको निर्णयलाई प्रतिष्ठाको विषय बनाएर जानु जरूरी छैन ।" उहाँले अर्को पक्षको यही चैत ४ र ५ गते गर्ने भनिएको भेलाले पार्टी एकतालाई बल नपुऱ्याउने जनाउँदै केन्द्रीय कमिटी बैठक आपसी परामर्शबाट तय गरौँ भनेर आफूहरूले भनेको स्पष्ट पार्नुभयो।

छलफलमा सहभागी नेता भीमबहादुर रावलले पार्टीलाई कसरी एकताबद्ध बनाएर लैजाने भन्ने विषयमा छलफल भए पनि कुनै निष्कर्ष ननिस्किएको छलफलपछि पत्रकारलाई जानकारी दिनुभयो । "फागुन २८ गते केन्द्रीय कमिटीले गरेका निर्णय औपचारिक नभएकाले हामीले मान्दैनौँ भन्यो तर उहाँहरूले त्यसलाई स्वीकार गर्नुभएन", नेता रावलले भन्नुभयो, "कुरा नमिलेपछि पुनः बैठक बस्ने भनिएको छ ।"

उहाँले सर्वोच्च अदालतले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) लाई मान्यता नदिई एमाले र नेकपा (माओवादी केन्द्र)लाई ब्युँताएपछि एमाले २०७५ साल जेठ ३ गतेभन्दा अगाडिकै स्थितिबाट पार्टी अगाडि बढ्नुपर्ने बताउनुभयो । उहाँका अनुसार पार्टीलाई कसरी एकताबद्ध बनाउने भन्नेमा छलफल भएको छ। "एमालेको कुनै पनि फुट स्वीकार गर्दैनौं । पार्टीलाई एकताबद्ध बनाएर सशक्तरूपमा अगाडि बढाउनेमा हामी दृढ छौँ", नेता रावलले भन्नुभयो, "तत्कालीन नेपाल कम्युनिष्ट पार्टी ( नेकपा) एक भएन, भएन, फेरि पनि एमालेलाई विभाजन गर्ने कुनै पनि क्रियाकलापका विरूद्धमा हामी छौँ।"

उहाँले पार्टीलाई एक बनाउनका लागि विधान, पद्धति र प्रणालीबाट पार्टी सञ्चालन हुनुपर्नेमा जोड दिनुभयो । उहाँले पार्टीको विवाद मिलाउन अहिले र यसअघि भएको निर्णय र गतिविधि स्थगन हुनुपर्ने माग पनि राख्नुभयो । "फागुन २८ गते भएको निर्णय रद्द गर्ने हो भने हामीले बोलाएको चैत ४ र ५ गतेको राष्ट्रिय भेला पनि स्थगन गरेर साझा धारणाका साथ हामी अगाडि बढ्न तयार छौँ", उहाँले भन्नुभयो ।

एमालेका अध्यक्ष ओलीले नेपाल पक्षको सहभागिताविना पदाधिकारी हेरफेर, प्रदेश कमिटीको कार्यविभाजन, माओवादी केन्द्रबाट आएका नेतालाई केन्द्रीय सदस्यमा मनोनयन र विधान संशोधन गरेपछि दुई समूहबीच तिक्तता पैदा भएको थियो । आजको छलफलमा अध्यक्ष ओलीसहित महासचिव ईश्वर पोखरेल, नेता विष्णुप्रसाद पौडेल, ज्ञवाली, सुभास नेम्वाङ तथा वरिष्ठ नेता नेपालका तर्फबाट नेपालसहित नेता रावल, घनश्याम भुसाल र सुरेन्द्रप्रसाद पाण्डे सहभागी हुनुभएको थियो ।

# अन्य दलको बुइ चढेर सत्तामा गइहाल्न हुँदैनः वरिष्ठ नेता पौडेल

♦ **रासस** (पर्वत)

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले अहिलेको अवस्थामा कांग्रेसलाई सत्तामा जानभन्दा व्यवस्थाको रक्षा गर्नु प्रमुख चुनौती रहेको बताउनुभएको छ । सदरमुकाम कुश्माबजारमा आज बिहान प्रेस युनियनले आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा नेता पौडेलले संविधान र संसद्माथि हुने हमलाको सामना गर्नु कांग्रेसको मुख्य दायित्व हुने बताउनुभयो ।

वरिष्ठ नेता पौडेलले कांग्रेस दोस्रो दल भएकाले प्रधानमन्त्री विरूद्ध आफूले अविश्वास प्रस्ताव नलैजाने तर अरूले लगेमा साथ दिने स्पष्ट गर्नुभयो । नेता पौडेलले विकृत राजनीतिको अन्त्यका लागि कांग्रेसले अहिलेको अवस्थामा नेकपा (माओवादी केन्द्र) र जनता समाजवादी पार्टीसँग मिलेर नयाँ सरकारका लागि पहल गर्नुपर्ने बताउनुभयो ।

"देशको हित गर्न कांग्रेस सरकारमा जान तयार हुनुपर्छ तर अन्य दलको बुइ चढेर सत्तामा गइहाल्न हुँदैन", पूर्वउपप्रधानमन्त्री पौडेलले भन्नुभयो, "अहिले सत्ताभन्दा पनि आफ्नो पार्टीलाई कसरी जनतासमक्ष लोकप्रिय बनाउने भन्नेमा लाग्नुपर्छ, कांग्रेस आन्तरिक किचलोमा फसेको छ, सबै मिलेर कांग्रेसलाई जनताको पहिलो पार्टी बनाउनुपर्छ ।"

facebook twitter



**सौगात**
twitter.com/saugat2075
कसैसङ् निर्भर नहनु राम्रो पक्ष हो । तर म नै सर्वोच्च हु मलाई कसैको सहयोगको आवश्यकता पर्दैन भन्नू यही नै अहंकार हो र भोली यहीँ नै विनाशको बीउ बन्न सक्छ।



**छोरी**
twitter.com/Nepali_Daughter
सपनाको भिडमा हराउँदै जादा साकार भएका महान कुराहरूलाइ बेवास्ता हुँदै जादो रहेछ अनि सन्तुष्ट र सुखको सट्टामा दुख र वेदनाको मात्रै हिसाब किताब हुदोरहेछ अन्तमा जिवनको अर्थ नै हराउदै जादो रहेछ



**देवि**
twitter.com/DeviKafle5
खुशि किनेर पाइदैन। खुशि हुनका लागि ठूलो कुरा पनि चाहिदैन । आत्म सन्तुष्टिले नै हो खुशि पाईने । नचाहिने र असम्भव कुराहरूको आकांक्षा नराखे खुशि त्यसै मिल्छ ।



**सञ्जय कोइराला**
twitter.com/sanjaykoirala17
जिवनको दौडानमा समयले कहिले कता त कहिले कता पुर्याउँछ कहिले जमिनमा धसाउँछ त कहिले स्फुर्तको उडान गराउँछ, कहिले दौडाउँछ त कहिले यथा स्थितिमा उभ्याउँछ, ब्यक्तिको आरम्भ र अन्त्यको डोर समयमा आश्रित रहन्छ । गतिशिलता र गतिहिनता सबै समयका उपज हुन । जसले चिन्छ उसैले उडान भर्छ।

# रूखमाथि 'घर' !

♦ **कृष्ण न्यौपाने** (दमौली)

तनहुँको म्याग्दे गाउँपालिका–२ स्थित ज्यानटाङ सामुदायिक वनमा 'ट्री हाउस' निर्माण गरिएको छ। ज्यानटाङ सामुदायिक वनभित्र निर्माण गरिएको हरियाली उद्यानमा 'ट्री हाउस' निर्माण गरिएको हो । डिभिजन वन कार्यालयको आर्थिक तथा प्राविधिक सहयोगमा सामुदायिक वनमा गत महिनाबाट हरियाली उद्यानको काम शुरू गरिएको थियो। साथै सोही उद्यानभित्र रहेको रूखमा घर निर्माण भइरहेको सबडिभिजन वन कार्यालय म्याग्देका प्रमुख मनोज रानाभाटले जानकारी दिनुभयो ।

उद्यान निर्माणका लागि वन कार्यालयले रू १२ लाख ५० हजार आर्थिक सहयोग गरेको छ। त्यसमा सामुदायिक वनले २० प्रतिशत अर्थात् रू दुई लाख ५० हजार लागत सहभागिता बेहोरेको छ । कूल रू १५ लाखको लागतमा उद्यान निर्माणको काम भइरहेको रानाभाटले बताउनुभयो । पृथ्वीराजमार्गबाट २०० मिटरको दूरीमा रहेको उक्त ठाउँलाई पर्यटकीयस्थल बनाउने उद्देश्य बमोजिम उद्यानका साथै रूखमा घर बनाइएको हो । "उक्त ठाउँलाई पर्यटकको आकर्षणको केन्द्र बनाउन उक्त योजना अगाडि सारेका हौँ", उहाँले भन्नुभयो, "रूखमा नै घर जिल्लामै पहिलो भएकाले यसले सर्वसाधारणको ध्यान खिच्नेछ ।"

रानाभाटका अनुसार रूखलाई भित्र पारेर काठको घर निर्माण भइरहेको छ। हालसम्म ८० प्रतिशत काम सकिएको र चैतभित्रै सबै काम सम्पन्न हुनेछन्। उद्यानभित्र हाल ढुङ्गा बिछ्याउने काम भइरहेको छ भने बत्ती जडानको काम पनि शुरू गरिनेछ। "दुई स्टेप बस्न मिल्ने गरी घर बनिरहेको छ, पाँच/सातजना चढेर त्यहाँबाट दृश्यावलोकन गर्न मिल्नेछ", उहाँले भन्नुभयो ।

उक्त ठाउँलाई वनभोजस्थलका रूपमा विकास गर्ने योजना छ । राजमार्गबाट नजिकै भएकाले पनि यस ठाउँले चर्चा पाउने विश्वास गरिएको छ । "चैतभित्रै सबै काम सम्पन्न गरेर सर्वसाधारणलाई प्रवेश खुल्ला गर्नेछौँ", रानाभाटले भन्नुभयो। डिभिजन वन कार्यालयमार्फत गत आवमा जिल्लाका तीन ठाउँमा उद्यान निर्माण गरिएको थियो । भीमाद नगरपालिका–१ किहुँस्थित शिवशक्ति सामुदायिक वन, शुक्लागण्डकी नगरपालिकास्थित च्वयनधाम र व्यास नगरपालिका–१४ स्थित छाब्दी वाराहमा पर्यापर्यटन उद्यानका लागि वन



कार्यालयले आर्थिक सहयोग गरेको थियो ।

चालु आर्थिक वर्षमा जिल्लामा छवटा उद्यान निर्माण हुँदैछन्। सहायक वन अधिकृत अरूण पराजुलीले म्याग्देको ज्यानटाङ सहित अन्य पाँचवटा उद्यान निर्माण गरिने जानकारी दिनुभयो। सामुदायिक वनमा पर्यावरण विकास सहयोग कार्यक्रमअन्तर्गत शुक्लागण्डकी–१२ स्थित दलिमडाँडा सामुदायिक वन, म्याग्दे गाउँपालिका–१ स्थित वाराही सामुदायिक वनमा उद्यान निर्माण हुनेछ। त्यसका लागि वन कार्यालयले रू पाँच/पाँच लाख बजेट विनियोजन गरेको छ । त्यसैगरी भीमाद–६ मा शहरी उद्यान निर्माण गर्नका लागि इष्टिमेट सम्पन्न भएको र सम्झौता हुन बाँकी छ । व्यास नगरपालिका–२ डाङ्ग्रेखोल्सीमा पनि उद्यान निर्माणका लागि उपभोक्ता समितिसँग छलफल भएको छ । "उक्त ठाउँको स्थलगत अध्ययनपश्चात् उपभोक्ता समितिसँग सम्झौता गरेर काम अगाडि बढाउँछौँ", सहायक वन अधिकृत पराजुलीले भन्नुभयो । रासस

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का, **सल्लाहकार** : विश्वबन्धु भण्डारी ।
**कार्यालय** : ब्यास–२, दमौली, तनहुँ । **फोनः ०६५–५६०९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :– विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४